# स्थानीय राजपत्र

भरतपुर महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ७, संख्या १२, मितिः २०८०/०९/०५

## भाग–२

## भरतपुर महानगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४
## (प्रथम संशोधन २०८०)

# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

बागमती प्रदेश, नेपाल

# भरतपुर महानगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ (प्रथम संशोधन २०८०)

पारित मितिः २०८०/०८/२१

**प्रस्तावनाः**

भरतपुर महानगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ लाई थप व्यवस्थित र प्रभावकारी बनाउन प्रथम संशोधन गर्न बान्छनीय भएकोले ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ (प्रथम संशोधन २०८०) रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. मूल कार्यविधको दफा २ (छ) थप गरिएको ।**

**दफा २ (छ) परिभाषाः** "स्थानीय बासिन्दा" भन्नाले पदपूर्तिको सूचना प्रकाशन हुनुभन्दा अगाडि चितवन जिल्ला वा भरतपुर महानगरपालिकाभित्र स्थायी बसोबास रहेको खुल्ने प्रमाणित कागजात (नागरिकता प्रमाणपत्र वा बसाइसराइ दर्ता प्रमाणपत्र आदी) प्राप्त गरेको नेपाली नागरिकलाई बुझ्नु पर्दछ ।

**३. मूल कार्यविधिको दफा ४ को उपदफा ४ मा संशोधन ।**

**दफा ४ उपदफा (४) को छनौट सम्बन्धी व्यवस्थाः** आवश्यकता र औचित्यतताको आधारमा दफा ५ बमोजिमको समितिले निर्धारण गरेको पाठ्यक्रमका अनुसार लिखित परीक्षाका साथै प्रयोगात्मक परीक्षा समेत लिन सकिनेछ ।

क) शैक्षिक योग्यता बापत-२५ (पच्चीस) अंक,(न्यूनतम योग्यता भन्दा माथिल्लो योग्यता भएमा २५अंक, न्यूनतम शैक्षिक योग्यता बापत २० अंक ।

ख) कार्य अनुभव बापत- ५ (पाँच) अंक (प्रति वर्ष १ अंकका दरले प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने)

ग) स्थानीय बासिन्दालाई देहाय बमोजिम-१० (दश) अंक

१. सम्बन्धित महानगरपालिकाको बासिन्दा भएमा- १० (दश) अंक

२. सम्बन्धित जिल्लाको बासिन्दा भएमा- ५ (पाँच) अंक

घ) दफा ५ बमोजिमको समितिले देहायको संख्यामा उम्मेदवारहरु सूचीकरण गरी प्रारम्भिक छनौट गर्नुपर्नेछ ।

१. पदपूर्ति गर्नुपर्ने आवश्यक संख्याः १-१० जनासम्म भएमा थप तेब्बर संख्या।

२. पदपूर्ति गर्नुपर्ने आवश्यक संख्याः ११-१५ जनासम्म भएमा थप ३० जना।

३. पदपूर्ति गर्नुपर्ने आवश्यक संख्याः १६ र सो माथि जतिसुकै भएमा दोब्बर संख्या थप गरिनेछ।

४. अन्यत्र जुनसुकै कुरा उल्लेख भएता पनि उम्मेदवारहरु सूचीकरण गर्दा दफा ४ को उपदफा ४ (घ) को १, २ र ३ मा सूचीकरणका लागि तोकिए अनुसारको संख्या नपुग भएमा पेस हुन आएको उम्मेदवारको संख्यालाई नै सूचीकरण गरिनेछ।

ङ) उपदफा ४ को (क), (ख) र (ग) बमोजिम प्राप्त अंकका आधारमा दफा ५ को समितिले सुचीकरण गरेका उम्मेदवारहरुको ४० पूर्णाङ्कको लिखित परीक्षा सञ्चालन गर्नुपर्नेछ। लिखित परीक्षाको उत्तीर्णाङ्क १६ हुनेछ

च) प्रयोगात्मक परीक्षासमेत लिनुपर्नेको हकमा २० पूर्णाङ्कको लिखित र २० पूर्णाङ्कको प्रयोगात्मक परीक्षा सञ्चालन गर्नुपर्नेछ। लिखित र प्रयोगात्मक परीक्षाको उत्तीर्णाङ्क ८/८ हुनेछ।

छ) लिखित परीक्षामा उत्तिर्ण उम्मेदवारहरुमध्ये तपसिलको संख्यामा अन्तर्वार्ताका लागि छनौट हुने उम्मेदवारहरुको नामावली प्रकाशन गर्नुपर्नेछ।

१. पदपूर्ति गर्नुपर्ने आवश्यक संख्याः १-५ जनासम्म भएमा थप ३ जना।

२. पदपूर्ति गर्नुपर्ने आवश्यक संख्याः ६-१० जनासम्म भएमा थप ५ जना।

३. पदपूर्ति गर्नुपर्ने आवश्यक संख्याः ११-१५ जनासम्म भएमा थप ७ जना।

४. पदपूर्ति गर्नुपर्ने आवश्यक संख्याः १६-२० जनासम्म भएमा थप ९ जना।

५. पदपूर्ति गर्नुपर्ने आवश्यक संख्याः २०-२५ जनासम्म भएमा थप १२ जना।

६. पदपूर्ति गर्नुपर्ने आवश्यक संख्याः २६-३० जनासम्म भएमा थप १४ जना।

७. पदपूर्ति गर्नुपर्ने आवश्यक संख्याः ३१ र सो माथि जतिसुकै भएमा ४० प्रतिशत थप संख्या।

ज) अन्तर्वार्ताको पूर्णाङ्क २०अंकको हुनेछ ।अंक प्रदान गर्दा न्यूनतम ४० प्रतिशत र अधिकतम ७० प्रतिशतको सीमाभित्र रही प्रदान गर्नुपर्नेछ । सोभन्दा न्यून र अधिकतम अंक प्रदान गर्दा स्पष्ट कारण खुलाउनु पर्नेछ । दफा ४ को उपदफा १ बमोजिम आवेदन माग गर्दा प्राविधिक कार्य (इन्जिनियरिङ्ग, स्वास्थ्य तथा पशु चिकित्सा लगायतका अन्य क्षेत्र) का लागि आवश्यक पर्ने व्यवसायिक प्रमाणपत्र (लाइसेन्स) प्राप्त गरेका व्यक्तिले मात्र आवेदन दिन सक्नेछन् ।

**४. मूल कार्यविधिको दफा ५ मा संशोधन ।**

**दफा ५ अन्तर्वार्ता र सूचीकरण समितिः** माग पद संख्याका आधारमा कार्यविधिको दफा ४ को उपदफा ३ बमोजिम उच्चतम अंक प्राप्त गरेका उम्मेदवारहरु मध्ये तपसिलको संख्यामा लिखित परीक्षामा सहभागी हुनका लागि उम्मेदवारको सूचीकरण गरी प्रारम्भिक छनौट गर्न, लिखित परीक्षा सञ्चालन गर्न, अन्तर्वार्ता लिई अन्तिम नतिजा प्रकाशन गरी सेवा करारका लागि सिफारिस गर्न देहायको पदपूर्ति समिति रहनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत- संयोजक

ख) नगर प्रमुखले तोकेको विषय विज्ञको रुपमा वा विज्ञ सूचीमा सूचीकृत सम्बन्धित विषय विज्ञ- सदस्य

ग) जिल्ला प्रशासन कार्यालयले तोकेको अधिकृत स्तरको कर्मचारी- सदस्य

घ) महानगरपालिकाको विषयगत महाशाखा प्रमुख- सदस्य

ङ) महानगरपालिकाको सामान्य प्रशासन महाशाखा प्रमुख- सदस्य सचिव

**५. मूल कार्यविधिको दफा ११ थप गरिएको ।**

**दफा ११ बाधा अड्काउः** पदपूर्ति समितिले पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधिगत निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ ।पदपूर्ति समितिमा बिवाद परी अनिर्णीत अवस्था रहेमा कार्यपालिकाको निर्णयले वाधा अड्काउ फुकाउन सक्नेछ ।

---

आज्ञाले,

**नरेन्द्र कुमार राना**

प्रमुख प्रशासकिय अधिकृत